**आठविसकोट नगरपालिका**

# स्थानीय राजपत्र

**खण्ड : २** **संख्या: ८०** **मिति : २०७६/०८/०८**

**भाग २**

**आठविसकोट नगरपालिका**

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आठविसकोट नगर कार्यपालिकाबाट स्वीकृत कार्यविधिहरु सर्वसाधरणका लागि स्थानीय राजपत्रमा प्रकाशन गरिएको छ ।

## आठविसकोट नगरपालिका सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०७६

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


**आठविसकोट नगरपालिका सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०७६**

आठविसकोट नगरपालिका सार्वजनिक खरिद नियमावली, २०७५ लाई संशोधन गर्न वाञ्छनिय भएकोले,

संघीय सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी आठविसकोट नगर कार्यपालिकाले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :- (१) यो नियमको नाम आठविसकोट नगरपालिका सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०७६ रहेको छ ।

(२) यो नियमावली तुरुन्त लागू हुनेछ ।

२. **मूल नियमावलीको नियम २ मा संशोधन** :- (१) नियम २ को परिभाषा खण्ड (ढ) को सट्टा "कार्यालय प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा काम गर्ने कर्मचारी सम्झनु पर्छ भन्ने वाक्यांश राख्ने ।

(२) ज्ञ (१३) पछि देहायको ज्ञ (१४) थप गरिएको छ :-

ज्ञ(१४) "विभागीय प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

३. **मूल नियमावलीको नियम १५ मा संशोधन** :- (१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ;

(१) नियम ११, १२ र १४ बमोजिम तयार भएको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत हुनु पर्नेछः–

क) एक करोड रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको शाखा प्रमूख

(ख) सात करोड रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित द्वितीय श्रेणीको वा सो सरहको शाखा प्रमूख

(ग) पन्ध्र करोड रूपैयासम्म रकमको लागत अनुमान प्रमुख प्रशासकीय अधिकृत

(घ) पन्ध्र करोड रूपैया भन्दा बढी रकमको लागत अनुमान प्रमुख

(२) उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ :-

# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रूकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४९१३८९९६१
९७४८५८३१३८

(२) नियम १३ बमोजिम तयार भएको लागत अनुमान देहायको अधिकारीबाट स्वीकृत हुनु पर्नेछ :–

क) दश लाख रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको शाखा प्रमूख

ख) पच्चिस लाख रूपैयाँसम्मको लागत अनुमान राजपत्राङ्कित द्वितीय श्रेणीको वा सो सरहको शाखा प्रमूख

(ग) एक करोड रूपैयाँसम्मको लागत अनुमान प्रमुख प्रशासकीय अधिकृत ।

(घ) एक करोड रुपैयाँ भन्दा वढी रकमको लागत अनुमान प्रमुख

४. **मूल नियमावलीको दफा ७६ मा संशोधन** :- (१) नियम ७६ को सट्टा देहायको नियम ७६ राखे ;

**७६. बोलपत्र स्वीकृत गर्ने अधिकारीः** देहायको रकमको बोलपत्र स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछः–

क) एक करोड रूपैयाँसम्मको राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको शाखा प्रमूख

(ख) पाँच करोड रूपैयाँसम्मको राजपत्राङ्कित द्वितीय श्रेणीको वा सो सरहको शाखा प्रमूख

(ग) दश करोड रूपैयाँसम्म रकमको प्रमुख प्रशासकीय अधिकृत

(घ) दश करोड रूपैयाँ भन्दा बढी रकमको प्रमुख

५. **मूल नियमावलीको नियम ९१ मा संशोधन** :- नियम ९१ को सट्टा देहायको नियम ९१ राखे;

**९१. परामर्श सेवा सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने अधिकारीः** देहायको परामर्श सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने अधिकार देहायका अधिकारीलाई हुनेछ :–

क) दश लाख रूपैयाँसम्मको राजपत्राङ्कित तृतीय श्रेणी वा सो सरहको शाखा प्रमूख

(ख) पचास लाख रूपैयाँसम्मको राजपत्राङ्कित द्वितीय श्रेणीको वा सो सरहको शाखा प्रमूख

(ग) दुई करोड रूपैयाँसम्म रकमको प्रमुख प्रशासकीय अधिकृत

(घ) दुई करोड रूपैयाँ भन्दा वढी रकमको प्रमुख

६. **मूल नियमावलीको नियम १२२ मा संशोधन** :- उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखे;

(१) खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिम नगरपालिकाले भेरिएसन आदेश जारी गर्नु पर्ने भएमा यस नियमावली बमोजिमको प्रक्रिया पूरा गरी देहाय अनुसार पदाधिकारीले जारी गर्न सक्नेछ :-

(क) पन्ध्र प्रतिशतसम्मको भेरिएसन प्रमुख प्रशासकीय अधिकृतले,

(ख) पच्चीस प्रतिशतसम्मको भेरिएसन प्रमुखले,

(ग) पच्चीस प्रतिशतभन्दा माथिको भेरिएसन कार्यपालिकाले ।

७. **मूल नियमवालीको नियम १६३ मा संशोधन** :- नियम १६३ पछि देहायको नियम १६३क. थप गर्ने;

**१६३क. अनुसूचीमा हेरफेर वा थपघट** :- (१) नगर कार्यपालिकाले प्रचलित संघीय कानूनमा तोकिएको ढाँचासँग मेल खाने गरी स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट वा हेरफेर गर्न सक्नेछ ।

(२) यस नियमावलीलाई नगर कार्यपालिकाले आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्न सक्नेछ ।

२०७६/०८/०८

राम बहादुर के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत